# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ५६(क)

## भाग ३

नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

## सूचना

<u>राष्ट्रिय परीक्षा बोर्ड (पहिलो संशोधन) नियमावली, २०७८</u>

राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "राष्ट्रिय परीक्षा बोर्ड (पहिलो संशोधन)नियमावली,२०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ को नियम २ मा संशोधन</u>** : राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) "समिति" भन्नाले नियम ९क. को उपनियम (२) बमोजिमको प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीमा नियम ९क.,९ख. र ९ग.थप</u>** : मूल नियमावलीको नियम ९ पछि देहायका नियम ९क., ९ख. र ९ग. थपिएका छन्ः-

"९क. **<u>परीक्षाको सञ्चालनः</u>** (१) माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसईई) बोर्डले निर्धारण गरेको मिति र समयमा सबै प्रदेशमा एकै पटक वा प्रत्येक प्रदेशमा फरक फरक हुने गरी सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने परीक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि बोर्डलाई सहयोग पुऱ्याउन प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, सम्बन्धित प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, बोर्डको प्रदेश परीक्षा व्यवस्थापन कार्यालय -सदस्य

(ग) प्रदेश भित्रको माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येबाट समितिले मनोनयन गरेको एक जना -सदस्य

(घ) प्रदेश भित्रको स्थानीय तहको शिक्षा महाशाखा वा शाखा प्रमुखहरु मध्येबाट समितिले मनोनयन गरेको एक जना -सदस्य

(ङ) निर्देशक, प्रदेश शिक्षा विकास निर्देशनालय -सदस्य-सचिव

(३) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सचिवालय सम्बन्धित प्रदेशको शिक्षा विकास निर्देशनालयमा रहनेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको अध्यक्ष तथा सदस्यले समितिको बैठक बसेको दिनको नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिमको बैठक भत्ता प्राप्त गर्नेछ।

९ख. **समितिको काम, कर्तव्य र अधिकारः** (१) बोर्डले निर्धारण गरेको नीति, मापदण्ड तथा कार्यविधिको अधीनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डले तोकेको मिति र समयमा परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न बोर्डलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) परीक्षा सञ्चालनको लागि आवश्यक पर्ने परीक्षा केन्द्र निर्धारण गर्ने,

(ग) केन्द्राध्यक्ष तथा अन्य कर्मचारीको नियुक्ति तथा परीक्षा सञ्चालन गर्दा जिल्लास्थित जिल्ला परीक्षा समन्वय समितिसँग समन्वय गर्ने,

(घ) विद्यालयबाट विद्यार्थीले भर्नु पर्ने परीक्षा आवेदन फाराम भराउने,

(ङ) परीक्षामा समावेश हुने परीक्षार्थीको विवरण अद्यावधिक गरी सोको जानकारी बोर्डलाई गराउने,

(च) केन्द्राध्यक्ष, निरीक्षक, शिक्षक वा कर्मचारी मध्ये कसैले परीक्षामा अनियमितता गरेको वा बोर्डले निर्धारण गरेको मापदण्ड विपरीत कुनै कार्य गरेको पाइएमा त्यस्तो व्यक्तिलाई तत्काल निलम्बन गरी आवश्यक कारबाहीको लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(छ) परीक्षा केन्द्रमा अनियमितता गरेको पाइएमा त्यस्तो परीक्षा केन्द्र बन्द गरी अर्को परीक्षा केन्द्रमा परीक्षा सञ्चालनको व्यवस्था मिलाउने,

(ज) परीक्षाको लागि आवश्यक पर्ने उत्तर पुस्तिकाको प्रबन्ध गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) बोर्डले तोकेको मापदण्ड अनुसार उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण सम्बन्धी कार्य गराउने,

(ञ) उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकको लागि जारी भएको आचारसंहिता पालना गर्ने, गराउने,

(ट) परीक्षण भई सम्परीक्षण भएका उत्तरपुस्तिका प्राप्त गरी परिक्षार्थीको प्राप्ताङ्क प्रविष्ट गराउने र सोको विवरण नतिजा प्रकाशनको लागि बोर्डमा पठाउने,

(ठ) परीक्षा सञ्चालन सम्बन्धी कार्य गर्दा कुनै विपद् परेको अवस्थामा तत्काल निकासाको लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(ड) परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण सम्बन्धी कार्यमा संलग्नलाई बोर्डको नीति निर्देशनमा रही पारिश्रमिक तथा अन्य सुविधा प्रदान गर्ने ।

(२) समितिले परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम गठन हुने उपसमितिको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो उपसमिति गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९ग. <u>निर्देशन दिन सक्ने</u>: (१) माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसईई) सम्बन्धी विषयमा बोर्डले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।"

**आज्ञाले,**
**यादव प्रसाद कोइराला**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।